स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



निर्देशक दिवाकर भट्टराईले निर्देशन गर्ने फिल्म 'मायावी'मा अभिनेत्री करिश्मा श्रेष्ठ अनुबन्धित भएकी छन् । फिल्मको शीर्ष भूमिकामा पल शाह, सुशील सिटौला यसअघि नै अनुबन्धित भइसकेका छन् । पुरुष सौन्दर्य प्रतियोगिता 'म्यान हन्ट इन्टरनेसनल नेपाल २०१८' का विजेता समिम खान पनि फिल्मसँग जोडिएका छन् । 'एउटा साथी'बाट रजतपटमा डेब्यु गरेकी करिश्माले यसअघि 'लभ सब' र 'बाबु कान्छा'मा अभिनय गरेकी छिन् ।

आजको विचार...



तिज...
(दुई पेजमा)

सञ्जीव कार्की

सौगात मल्ल स्टारर 'हात्तीछाप' आगामी माघ २८ गते रिलिज हुने भएको छ । निर्माताले आइतबार 'क्यारेक्टर पोस्टर' सार्वजनिक गर्दै प्रदर्शन मिति घोषणा गरेका हुन् । पोस्टरमा अभिनेता मल्ललाई चित्रण गरिएको छ । जहाँ उनी सिंहासनमा बन्दुक लिएर बसेका छन् । उनको मुड र मनोदशा हेर्दा लाग्छ, मल्लको पात्र कुनै 'उन्मत्त' शासकजस्तो देखिन्छ । मल्लको चरित्रको नाम 'बोतल राजा' राखिएको छ । यो नामकरण हेर्दा लाग्छ, मल्लले फिल्ममा जइयाहाँ शासकको भूमिका निर्वाह गरेका छन् ।



❑ वर्ष २९ ❑ अंक ८३ ❑ २०८० असोज १ गते सोमबार 18 September 2023, Monday ❑ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## सक्षिप्त समाचार

### विमान दुर्घटना, चौध जनाको मृत्यु

(रासस/एएफपी)

**रियो दि जेनेरियो,** भदौ ३१/ ब्राजिलको अमेजनमा शनिबार एउटा सानो प्रोपेलर विमान दुर्घटना हुँदा १४ जनाको मृत्यु भएको छ । विमानमा रहेका १२ यात्री र चालक दलका दुई जना सदस्यको मृत्यु भएको सरकारी अधिकारीहरूले बताएका छन् । घटनाको अनुसन्धान सुरु गरिएको जनाउँदै उनीहरूले प्रतिकूल मौसमका कारण दुर्घटना भएको बताएका छन् । अमेजनस राज्यका सुरक्षा सचिव भिनिसियस अल्मेडाले अतिकम 'भिजिबिलिटी'मा अवतरण गर्दा दुर्घटना भएको बताएका छन् । ब्राजिलको विमान निर्माता कम्पनी एम्ब्रेरद्वारा निर्मित ट्वीन इन्जिन टर्बोप्रप विमानमा सुरक्षाका सबै पूर्वशर्त एवं उड्डयन नियमको पूर्णपालना गरिएको जनाइएको छ । विमान कम्पनीले एक विज्ञप्ति निकालेर यान्त्रिक खराबीका कारण दुर्घटना भएको मान्न सकिने आधार नभएको बताएको छ । धेरै राष्ट्रिय निकुञ्ज नजिक रहेको लोकप्रिय पर्यटकीय गन्तव्य बार्सिलोसमा माछामार्ने मनोरञ्जनात्मक खेलमा सहभागी हुन एक जना व्यापारीले उक्त विमान चार्टर गरेका थिए । विभिन्न प्रजातिका माछाका लागि परिचित उक्त स्थानमा हरेक वर्ष यो महिना माछामार्नेको भीड लाग्ने गर्दछ ।

# तिज : फेरिए भाका, फेरियो दर खाने चलन

**रामचन्द्र रायमाझी**

**पाल्पा,** भदौ ३१/

***वर्ष दिनको तिजमा दादा लिन आएका***
***पापिनी सासुले दिनन् बरिलै...***

पाल्पा तानसेन भगवती टोलकी ७२ वर्षीया सावित्रा बस्याललाई यि गीत अहिले पनि सम्झना छ । उनी भन्छिन् 'हाम्रा पालामा चेलीबेटीले भोगेका दुःख, दर्दका गीतहरु गाइन्थ्यो, चेलीले वर्षदिन भरी भोगेका पीडालाई यसरी गीतको माध्यमबाट सुनाउने गर्दथे, तिजका गीतमा कति मीठा शब्द राखिएको हुन्थ्यो, तर अहिले सुन्न पनि नसक्ने खालका गीत छन् ।'



रैनादेवी छहराकी ५८ वर्षीया सुन्तली नेपालीलाई पनि तिजका गीत बज्यो कि रमाइलो लाग्ने गर्छ तर हिजोआजका गीत सुन्दा भने उनलाई रिस उठेर आउन्छ । विगतका दिनमा गाउँघरमा साथी सहेली, फुपू अमजु, ठूलीआमा, सानीआमा सबै महिला दिदीबहिनी एकै ठाउँमा जम्मा भई दुःखसुखका गीत गाएर, नाचेर वर्षभरिका पीडा भुल्ने गरेको नेपालीको अनुभव छ । 'आजभोलि त हामीले मनाउने तिज, तिजजस्तो लाग्दैन, उच्छृङ्खल, तडकभडक र देखासिकीको चाडजस्तो लाग्छ', उनले भनिन् । 'तिजका नाममा छाडा गीतहरू निस्किएका छन् । कर्मघरमा सासुले दुखदिएका पीडा, माइत जान नपाएका गुनासा, घर गरिखान दुःख भएको बिलौना समेटिने तिज गीतमा अचेल यो स्वाद भेटिँदैन । सुनिनसक्नु छ अचेलका तिज गीत' नोपाली भन्छिन् । पछिल्लो समय आधुनियकतासँगै भाउजुनन्दका खप्की, सासू-बुहारीका कलह, आमा-छोरीका बिलौना र माइती घरको सम्झना वरिपरि रहेर तिजमा गाइने पुराना लयका गीत आजभोलि गाउँ-घरमा सुनिँदैनन् । आँगनको डिलमा परालको गुन्द्री ओछ्याइ गाउँभरिका लागि लालटिन र दियालोको उज्यालोमा रातभर तिजका गीत मादलको तालमा गाउँदै/नाच्दै गरिने रमाइलो एकाएक हराएको छ । आजकालको तिजमा माइती र चेलीबीचको सम्बन्धका बारेमा भन्दा पनि व्यावसायिक र सस्तो लोकप्रियता हाँसिल हुने किसिमका गीत बजारमा आएका छन् ।

पछिल्ला वर्षका तिजका गीतमा मौलिकता हराउन थालेको छ । नेपाली समाजमा आधुनिकताको प्रभावले यस्ता गीतमा मौलिकताको अभाव देखिएको छ । घरपरिवारसँगै बसी सुन्न र हेर्न नसकिने खालका तिजका गीतले अहिले प्रश्रय पाइरहेकै छन् । समाजले पचाउन नसकेका छाडा प्रकृतिका गीतहरु बजारमा एकपछि अर्को सार्वजनिक भइरहेकै छन् ।

**दर खाने चलन पनि बदलियो**

आइतबार दर खाएर तिजको पहिलो दिन मनाइएको छ । समयमा बिवाहित नारीहरु माईती घर जाने आमाले पकाएको दर खाने र माईतीको आगनमा तिजका गीतहरु गाएर नाचगान गरेर यो पर्वलाई हर्ष उत्साहका साथ मनाउने गर्दछन् । सबै नेपालीहरुले धुमधामका साथ मनाउने पर्वमा खाने दरका परिकारमा भने बिस्तारै परिर्वतन आएको छ । केही समय पहिलेसम्म तिजको बेलामा खाने दरका परिकार र पछिल्ला वर्षहरुमा खाने तिजको दरमा फरकपन देखिएको छ । तिजको दर भन्न बितिकै घिउँमा पकाएको खाजा, खिर, बटुका भरी दुध, घिउ, दही, तामाको अचार, आलु, बोडी सिमीको तरकारी सम्झना आउथ्यो । माइतिको आगनमा जम्मा भएर दर खाने चलन थियो तर अहिले त दर भन्न बित्तिकै मासु भातमा सिमित हुन थालेको छ ।

धेरै ठाउँमा दर खाने कार्यक्रमहरु आयोजना हुन्छन । प्राय ठाउँमा दिदीबहिनीहरु जम्मा हुने ठूला ठूला होटलहरुमा दर खाने कार्यक्रमको आयोजना गर्ने, मासु भात खाने अनि स्पिकर बजाएर नाच्ने चलनले कतै तिज पर्वको महत्व नै विस्तारै हराउँदै जाने त हैन भन्ने चिन्ता बढ्न थालेको छ । अझ दरको नाउमा मैना दिन अघिदेखि ठूलो धनरासी खर्च गरेर होटलहरुमा कार्यक्रम गर्ने महङ्गा महङ्गा गहना कपडाहरु लगाएर प्रदर्शन गर्ने गरेर यो पर्वलाई बिस्तारै भड्किलो गरी मनाउने चलन बढेर गएको छ ।

**हराउँदै मौलिकता**

विगतको विरासतलाई आजको तिजले धान्न सकेको छैन । हुनेले 'मिठो मसिनो, नहुनेले पिठो मसिनो' खाने पर्व थियो तिज । सात डाँडापारी विवाह गरी पठाएका चेलीबेटीलाई बाबा आमा, दाजुभाइ लिन गएर घरमा जम्मा गरी मिठोमसिनो खाने खुवाउने, असल भाइचाराको गाँठो कसिलो बनाउने, चेलीलाई माइती लिन जानुपर्ने, घर पक्षले अरू बेला नभए पनि यो बेला माइत पठाउनै पर्ने पर्व थियो तिज । सायद, यसैकारण माइतीको महत्वबोध बढी हुन्थ्यो ऊबेला नेपाली चेलीहरूलाई तर, आज यो अवस्था रहेन । हुने खानेहरूलाई त यसले राम्रै गर्ला तर, हुँदा खाने नेपाली समाजका अन्य महिलाहरूलाई भने यो अनावश्यक तडकभडक र देखासिकीले नकारात्मक असर पार्ने गरेको छ ।

गाउँबेंसीमा चेलीबेटीका दुखेसो बोकेका गीत, हतारहतार काम सकेर चेलीबेटी लिन हिँडेका माइती, घर-घरमा पाक्ने अनदीको लट्टे, खीर, तामा-टुसाको तरकारी र काँक्राको अचार अनि रातभरि नाँचगान गर्दै खाइने दर त्यसपछि भोलिपल्ट निराहार व्रत बसी गरिने शिवजीको पूजा यही हो हाम्रो तिजको मौलिकता । तर अहिले यो मौलिक पर्व केही सम्भ्रान्त र नवधनाढ्य वर्गका महिलाले आर्थिक हैसियत प्रदर्शन गर्न र सस्तो मनोरञ्जनका लागि गरिने भड्किलोपनका कारण अलोकप्रिय तथा आलोच्य बनिरहेको छ ।

विश्वकर्मा बाबा की जय ! जय !! जय !!!



विश्वकर्मा पूजाको पावन अवसरमा सम्पूर्ण इष्टमित्र, ग्राहक वर्ग, आफन्तजन तथा शुभचिन्तकहरुमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

**सारा मोटर कर्प्स**
**एण्ड लक्ष्मी मोटो केयर प्रा.लि.**

तानसेन-३, होलाङ्दी, पाल्पा

सम्पर्क नं. : ९८५७०८२५०१, ९८५७०६२१३१, ९८५७०८२४०२

विश्वकर्मा बाबा की जय ! जय !! जय !!!



विश्वकर्मा पूजाको पावन अवसरमा सम्पूर्ण ग्राहक वर्ग तथा शुभचिन्तकहरुमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

**ज्ञानेन्द्र अटो वर्क्स परिवार**

भिमसेन टोल, तानसेन, पाल्पा

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## तिज सभ्य बनोस्

नेपाली महिलाहरुले महान पर्व तिज मनाइरहेका छन् । आइतबार दर खाएर पहिलो दिनको तिज मनाएका महिला दिदीबहिनीहरु आज तिजको निराहार व्रत बस्दै छन् । महिलाका लागि यो व्रत सबैभन्दा उत्तम व्रतका रूपमा लिइन्छ । यो व्रतले महिलालाई अखण्ड सौभाग्य प्राप्त हुने विश्वास गरिएको छ । विवाह भइसकेका महिलाले आफ्ना पतिको सुख, समृद्धि र दीर्घायुका लागि र आफ्नो सौभाग्यका लागि पनि यो व्रत बस्छन् । त्यस्तै विवाह नभइसकेका महिलाले भने आफूले चिताए जस्तै राम्रो र असल पति पाइयोस् भन्ने उद्देश्यले यो व्रत बस्छन् । यो दिन रातो सारीमा सजिएर हुलमा हुल महिला पशुपति र विभिन्न स्थानका शिव मन्दिरमा पूजा गर्न जान्छन् । त्यहीँ बाटोघाटोमा नै नाचेर गाएर रमाइलो पनि गर्छन् । यो दिन महिलाले एक किसिमले स्वच्छन्दरूपमा निर्धक्क भएर नाच्ने र आ–आफ्ना मनका कुरा पोखेर गीत गाउने गर्छन् । यो दिन दिनभर व्रत बसेर महादेवको पूजा गरेर रातमा पनि महादेव र पार्वतीको बालुवाको मूर्ति बनाएर विशेषरूपमा पूजा गर्छन् । यो व्रत गर्नाले पति दीर्घजीवनको फल पाइन्छ भनि शास्त्रमा उल्लेख छ तर पछिल्लो समयमा आएर महिनौं अगाडिदेखि दिदीबहिनीहरू जम्मा भएर दर खाने संस्कृति बढ्दै गएको छ ।

तिजको आफ्नै मौलिकता छ । यो पर्वको शैली र प्रकृतिमा समयसँगसँगै केही पृथकता देखिन थालेको छ । महिला वर्गलाई दोस्रो दर्जाको नागरिकका रुपमा हेर्ने प्रवृति आज पनि हट्न सकेको छैन । विगतमा त झन् महिला कुवाको भ्यागुतो समान थिए । तिज पर्वकै बेला मात्र माइतीघर जान पाउने, नयाँ कपडा लगाउन पाउने प्रचलन प्राचीन समाजमा व्याप्त थियो । वर्षदिनमा एकपटक आफू जन्मेको धर्ती टेक्न पाउँदाको खुशीमा उन्मुक्त भएर नाच्न पाउँदा उनीहरू आफ्ना पीर, व्यथा सबै चटक्कै भुल्दथे । आज समयसँगसँगै महिलाहरू शिक्षित र चेतनशील बन्दैछन् । यो आफैमा राम्रो हो तर पर्वको नाममा जथाभावी फ्ड्किलो बन्दै जानु भने दुखद् हो । तिजका पुराना लोकभाका र सन्देश आधुनिकतासँगै हराएको छ । तिजमा आएको विकृति र भड्किलो फेसनले 'हुँदाखाने' महिलाहरुले तिज मनाउन नसकिरहेको स्थिति छ । यसो हुनु गलत हो । आफुसँग जे छ त्यसैमा रमाऊ । क्षमता भन्दा बढीका कपडा र गरगहना नखोजौं । क्षणिक बस्तुले हामीलाई एक छिनको खुसी देला तर शान्ति भने कदापि दिँदैन । त्यसैले तिजलाई सभ्य र संस्कारिता तरकाले मनाऔं । तिज पर्व देश विदेशमा रहेका सबै महिला समुदायमा सुखद रहोस्, सबैमा हार्दिक शुभकामना !

### Opinion @ Social Network

कोही मान्छे सुगन्ध जस्तै रहेछन्,
टाढा भएपनि नजिक भएको महशुस हुने ।
*(ज्योती ज्ञवालीको फेसबुक स्टाटस https://www.facebook.com/Zyoty.gyawali)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# तिज, उच्छृङ्खलता र सामाजिक मनोविज्ञान



सञ्जीव कार्की

नेपाल धेरै चाडपर्व मनाइने मुलुकमा पर्छ । यहाँ १२३ जातजातिका आआफ्नै खालका कला, संस्कृति, परम्परा र रीतिरिवाज छन् । यसरी मनाउने ठूला ठूला पर्वको शृङ्खलामा तिज पनि विशेष हो । तर यस पर्वलाई समय र आधुनिकताको बदलिँदो शैलीले परिवर्तन गर्दै लगेको छ । बृहत् नेपाली शब्दकोशले 'नारीहरूले सौभाग्य र समृद्धिका निम्ति शिव र पार्वतीको उपासना र पूजा गर्ने, भाद्र शुक्ल तृतीयाको दिन, हरितालिका' लाई तिज भनेको छ । शिव र पार्वतीको उपासना र पूजा गर्ने दिन भनिए पनि विशेष रूपमा शिव भक्ति प्रार्थना गर्ने दिन भनेर तिज परिचित छ । तिजको सादापन अहिले रङ्गीविरङ्गी मात्र होइन भड्किलो र ज्यादा खर्चिलो बन्दै गएको छ । पश्चिमाशैलीका गानाबजाना र नृत्यले नेपाली मौलिकता र तिजको अर्ग्यानिकपन नासेको बुढापाकाको गुनासो छ । खानपानमा आएको बदलावका कारण लगातर र लामो समयसम्म होटेल, रेस्टुरेन्टका खानपानले हाम्रो स्वास्थ्यलाई दिने असर पारिरहेको छ ।

सामाजिक व्यापकताको अध्ययन गर्ने विषय समाजशास्त्र हो । सामाजिक सम्बन्ध, अन्तर्क्रिया, प्रक्रिया र परिवर्तनका बारेमा यसले अध्ययन गर्छ । तिज पर्वलाई समाजशास्त्रीय दृष्टिकोणले मूल्याङ्कन गर्नु आवश्यक छ । तिज बहुआयामिक विशेषता भएकाले समाजशास्त्रीय सिद्धान्तका थुप्रै दृष्टिकोणका आधारमा अध्ययन, विश्लेषण गर्न सकिन्छ । यसलाई लैङ्गिक, नारी पहिचान, धार्मिक, सांस्कृतिक पक्ष, सामाजिक आइडियोलोजी अनेकौं शीर्षक र मानव शास्त्रीय समाजशास्त्रीय कोणबाट केलाउन निफन्न सकिन्छ ।

**तिजको आयाम**

हिन्दु नारीको मात्र भनिएको तिजको आयाम फराकिलो बनेर अहिले सबै धर्म र संस्कृतिका समुदायका लागि पनि ग्राह्य बन्दैछ । यसको आयाम विस्तार भएर तिजको अघिल्लो दिन मात्र खाइने दर एक महिनाअघिदेखि खान थालिएको छ । महिलाले मात्र मनाउने भनिएको तिज अहिले पुरुषको पनि साझेदारी देखिन थालेको छ । विभिन्न सैसंस्था र राजनीतिक पार्टी तिनका भातृ संगठन आदिले पनि यो पर्वलाई विशेष रूपमा मनाउन थालेको कारण तिजको आयाममा बढोत्तरी भएको पाइन्छ ।

**धार्मिक, सांस्कृतिक पक्ष**

तिज भाद्र शुक्ल द्वितीयदेखि प्रारम्भ भई पञ्चमीसम्म मनाइने भए पनि भाद्र शुक्ल तृतीयाको दिन नै विशेष गरेर मनाउने गरिन्छ । अघिल्लो दिन नै दर खाने निम्तो दिएर विवाह गरेर पतिका घर गएका छोरीचेलीलाई बोलाई विभिन्न खाद्य परिकार मिठाई बनाएर आफ्नो क्षमताले भ्याएसम्म तृप्त बनाउने प्रचलन रहेको छ । विशेष गरी यो पर्वमा शिव मन्दिरमा जम्मा भएर सुखदु:खका गीत गाएर नाचगान गर्छन् । तृतीयाको दिन जलाशयमा स्नान गरी विवाहिता महिलाहरू राता लुगा र गरगहनामा सजिन्छन् । कन्याहरू पनि व्रत बसी नाचगानमा सहभागी बन्छन् । यो व्रतबाट विवाहितले पतिको आयु बढ्ने र स्वस्थको कामना गर्छन् भने विवाहयोग्य कन्यालाई योग्य वर प्राप्त हुने विश्वास गरिन्छ । दिनभर निराहार व्रत बसेर साँझमा शिवजीको पूजा आराधना गरी कन्यालाई टीका, दक्षिणा प्रदान गरेर फालाहर गरिन्छ । त्यसको भोलि वा पर्सिपल्ट पर्ने पञ्चमीमा ऋषि पञ्चमीको व्रत बसी बिहानै नदी वा खोला किनारा, स्नान गर्दछन् । यसको पछाडि समाजमा व्याप्त पौराणिक कथन पनि छ । पर्वतराज हिमालयकी पुत्री पार्वतीले सानै उमेरदेखि महादेव पति पाऊँ भनी कामना गरेको र सो पूरा भएको कथन छ । महादेवको रूप परिधान र भेष हिमालय पर्वतलाई रुचिकर नलाग्ने हुनाले उनी आफ्नो ज्वाइँ बनाउन चाहँदैनथे । एक दिन नारद आएको बेला हिमालय पर्वतले पार्वतीको वरको बारे नारदमुनिसँग चिन्ता व्यक्त गर्दा उनले भगवान विष्णु उपयुक्त वर हुने सल्लाह दिए । पार्वतीको इच्छा भने महादेव भएका कारण उनले आफ्ना साथीहरूलाई आफ्नो समस्या भनिन् र उनका सखीहरूले उनलाई लुकाए र लुकेकै ठाउँमा शिवलिङ्ग बनाई महादेव पति पाउने कठोर व्रत बस्न सहज गरिदिए ।

**सामाजिक पक्ष**

तिज एक सामाजिक पर्व हो । विवाह गरेर पतिको घर गएका आफ्ना चेलीबेटीलाई आमन्त्रण गरेर दर खुवाई परिवारका सदस्य वरपरका छोरीचेली भेला भएर रमाइलो गर्दै नाचगान दु:खसुखका कुरा गरिने पर्व भएको हुँदा यसको सामाजिक मूल्य र महत्त्व छ । सानैदेखि सँगै हुर्कीबढी, खाईखेली, पढेर बसेका छोरीचेली बिहेपछि कता कता पुगेका हुन्छन् । त्यस्तो बेला तिजमा भेट गरेर गफिनु र रमाइलो गर्नु बाल्यकाल स्मरण गर्दा उनीहरूको आत्मीयता झन् कसिलो बन्छ । सामजिक अन्तर्क्रिया हुने फरक फरक समाज र भूगोलबारे जानकारी हुने र परस्परमा सामजिकीकरणमा मद्दत पुग्ने हुनाले तिजको सामाजिक पक्ष निकै मजबुत छ । सामाजिक सद्भाव वृद्धि गर्न, मेलमिलाप र सामाजिक सम्बन्ध बलियो बनाउन तिजको महत्त्वपूर्ण योगदान देखिन्छ । आधुनिक देखिने नाममा महिलाहरूले यो पर्वको हुर्मत लिने गरी जथाभावी मदिरापान गर्ने र यसलाई अस्वस्थ प्रतिस्पर्धाको विषय बनाउने विषय लाभकारी छैन । अन्ध विश्वासमा हुने सकारात्मक पक्ष जोगाउन सकियो भने पनि समाजलाई एउटा लयमा राख्न यसले योगदान दिन्छ । तिज का जुनसुकै गतिविधि पनि सामाजिक एकता कायम राख्ने र समाजसँग समाज जोडिने हुनु वाञ्छनीय देखिन्छ ।

**आर्थिक पक्ष**

नयाँ लुगा, खानपान, गहना, कोसेलीपात आदि कारण बजारको अर्थतन्त्र चलायमान बन्छ । यसले बजारको कारोबार बढ्ने हुँदा आर्थिक गतिशीलता देखिन्छ । गरगहना, लुगाफाटोदेखि शृङ्गारका समान, खाद्यान्न, माछामासु मदिरा, चिसो पेय पदार्थ आदिको किनमेलले बजारमा सकरात्मक आर्थिक तरङ्ग ल्याउँछ । तिजको अर्थशास्त्र पनि समाज चलायमान बनाउने समय हो । हुने र नहुने बीचको खाडल भएको समाज भएको कारण आर्थिक विषमताले कतै समाज भड्काउने र उत्ताउलो बन्ने, धनी र गरिबको भेद प्रत्यक्ष देखिने हुँदा समाजमा वर्ग द्वन्द्व उत्पन्न भएर कुनै दुर्घटना नहोला भन्न सकिन्न । त्यसैले आर्थिक सम्पन्नताको प्रदर्शनभन्दा सामाजिक एकता भाइचारा, दिदीबहिनीबीच सुमधुर सम्बन्ध स्थापनार्थ समाजलाई अभिप्रेरित गर्ने गतिविधि ज्यादा हुनपुग्छ ।

**मनोवैज्ञानिक पक्ष**

तिज का अनेक आयाममध्ये एउटा हो- मनोवैज्ञानिक पक्ष । यसमा परिवारका बालबालिकामा पर्ने मनोविज्ञान एउटा पक्ष हो, जसले समाजको संस्कृति हस्तान्तरणमा सहजता प्रदान गर्छ । घरपरिवारका बालबालिकाले यस्ता विशेष दिनबाट धेरै कुरा सिक्न सक्छन् । व्रत बस्ने, चोखोमीठो बनाउने, खाने, नाच्ने गाउनेदेखि यावत् पक्षमा जानकार बन्छन् । समाजको अभिन्न पक्ष संस्कृति र पर्वको बारे बुझ्छन् । गरगहना, लुगाफाटो र भोज भतेर गरेर मनाइने प्रचलन बढेका कारण कतै आर्थिक रूपमा कमजोरलाई हीनताबोध र खर्च गर्न सक्नेमा अहम् बढ्ने, बढाउने कार्य हुन्छ । त्यस्तो मनोविज्ञानबाट जोगिन, जोगाउन सक्नु यसको मनोवैज्ञानिक पक्ष हो । म कमजोर छु कि भन्ने भयको मनोविज्ञान र म सबैभन्दा माथि छु भन्ने घमण्डको मनोविज्ञान हाबी हुन नदिन सचेत वर्गले ध्यान पुऱ्याउनुपर्छ ।

**लैङ्गिक पक्ष र नारीवाद**

नारीले यो हाम्रो र विशेष चाडको रूपमा लिने दिन हुनाले एकातिर नारी स्वतन्त्रता, पहिचान, अस्तित्व र नारीवादसँग जोडिएर हेर्ने गरिन्छ भने अर्कोतिर आफ्ना श्रीमानप्रतिको प्रेम सद्भाव आदर र उन्नतिको कुरामा नारीको लगाव प्रकट हुन्छ । त्यसै गरी यस पर्वको अध्ययन गर्दा पुरुषको मात्र पूजा किन, पुरुषप्रति नारीको परनिर्भरताको प्रश्न पनि सँगसँगै आउँछ । वैज्ञानिक युगमा शिवलिङ्गको पूजा कति उचित र अनुचित भनेर पनि बहस प्रारम्भ भएको छ । पुरुष ठूलो र नारी सानो भन्ने धारणा पनि पुरुष पुजन संस्कृतिले दिएको त छैन यसले कतै नारीको सकारात्मक प्रभावमा असर त पुग्दैन ? आलोचनात्मक चेतहरू यसरी बन्छन् । नारीको विशेष दिन भएकाले उनीहरूको स्वतन्त्रता र मर्यादाको सम्मान गर्ने पर्वका रूपमा पनि हेरिन्छ ।

**स्वास्थ्य र शरीर**

विगतमा दर अघिल्लो दिन मात्र खाने हुँदा त्यति धेरै समस्या थिएन । आजकल लगातारको भोजन, अस्वस्थ खानपानले अपच भई कैयौं मान्छे बिरामी हुने गरेका छन् । निर्जल बस्दा खाली पेटमा अम्लीय पदार्थ पैदा हुन्छ । त्यो अवस्थामा नाचगान गर्दा रिँगटा लाग्ने, बेहोस भएर लड्ने सम्भावना बढी हुन्छ । त्यसैले स्वास्थ्यलाई ध्यानमा राख्दै व्रत बस्नु बुद्धिमानी हुन्छ । आधुनिक खानपान र रहनसहनले स्वास्थ्यमा नदेखिने गरी असर परेको हुन सक्छ । त्यसैले भोको बस्नुपर्दा फलफूल, फ्रेस जुस र पानी सेवन गर्दै स्वास्थ्य सन्तुलित राख्नु आवश्यक हुन्छ । अति अन्धविश्वासको सिकार भएर ज्यान जोखिममा नपारी पर्व मनाउनु पर्छ ।

**साङ्गीतिक पक्ष**

तिजमा गरिने नाचगानले वातावरण र माहोललाई रमाइलो गर्ने मात्र नभएर सासूबुहारीबीचको छेडखानीले कतै वातावरणलाई खलल पार्छ कि भनेर सचेत हुनुपर्ने देखिन्छ । त्यस्तै आफ्ना मनमा गुम्सेका दु:खसुख गीतसङ्गीतको माध्यमबाट प्रस्फुटन हुँदा मन हल्का र सफा हुनपुग्छ । तिज का अवसरमा आउने नयाँ नयाँ गीत सङ्गीतको होडले साङ्गीतिक बजार पनि चलायमान बन्न सहयोग गर्छ । यसले बजारको आर्थिक महत्त्व बढाउने र रोजीरोटीको व्यवस्था हुने र कलाकारको जीवनमा बहार ल्याई दिन पनि सहयोग पुग्छ । तिजका गीतले जागरण र समाजमा नयाँ चेतना निर्माणका लागि पनि भूमिका खेल्न सक्छ । यसरी तिजको साङ्गीतिक पक्ष पनि हाम्रा पर्वहरूको विशेष पक्ष रहेको छ । आधुनिक बन्ने नाउँमा तिजको गीत सङ्गीतलाई पनि पूरै बिगार्नु हुन्न । यसको मौलिकता झल्कने गरी गीत सङ्गीतमार्फत पर्वका मर्महरू धानिनु पर्छ ।

**टीकापोते र गरगहना**

तिजमा प्रयोग हुने गरगहना सिन्दुरपोते, चुराधागोको छुट्टै महत्त्व छ । महिलाहरूले लगाउने रातो पहिरनमा सुख शान्ति र समृद्धि साहसको प्रतीकका रूपमा लिइन्छ भने अनेक रङले झकिझकाउ बन्दा जीवन रङ्गीन पोते र टीकासँग सौभाग्य र अलौकिक शक्ति प्राप्त हुने जनश्रुति पाइन्छ । स्वच्छ हृदयको उपवासले मन कामना सिद्धि भनेर अर्थ्याइन्छ । अर्कोतिर टीकापोते र सिन्दुर दासता र बन्धन भन्ने आधुनिक तर्क पनि गरिन्छ । आजको समाज यी दुवै पक्ष र विषयलाई समन्वय गरी चल्नु पर्छ । यसबाट मात्र हाम्रो संस्कृति सुरक्षित र सुन्दर बन्छ । कुनै पनि अतिवाद घातक हुन्छ । संस्कृति कला सङ्गीत र पर्वहरू मानव जगतका मान्छे हुने विशेषता हुन् ।

**नारी स्वतन्त्रता र नारी मुक्तिको दिन**

विगतदेखि नै तिज लाई नारी स्वतन्त्रताको दिनको रूपमा उल्लेख गरिन्थ्यो । आफ्ना मनका पीडा व्यथा पोख्ने, माइत गएर दु:खसुखका बारे सेयर गर्ने दिन भनेर तिज लाई स्मरण गर्ने धेरै छन् । उपसभामुख इन्दिरा राना 'तिज लाई महिला सशक्तीकरण समानता र अधिकारको पैरवी गर्ने अभियानका रूपमा मनाउनु पर्छ भन्नुहुन्छ । हाम्रा चाडपर्व हाम्रो देशका सामाजिक सौन्दर्य र सामाजिक एकताका प्रतीक हुन् । चाडपर्वलाई भड्किलो, ज्यादै खर्चिलो र अनुशासनहीन नबनाएर सन्तुलित, मर्यादित र मौलिकता नमर्ने गरी मनाउँदै यसको आधुनिकीकरण गर्नु उचित हुन्छ ।

**चेली-माइती सम्बन्ध विस्तार**

यस पर्वले चेली माइतीको सम्बन्धमा विस्तार गर्छ । लामो समयपछि भेट्ने, साथी सङ्गीको आत्मीय सम्बन्ध र अतीतको स्मरण गर्ने वर्तमानको दु:खसुख साट्ने र श्रीमान्‌को सुस्वास्थ्य, प्रगति र दीर्घायुका लागि निराहार व्रत बस्ने पर्व भएकाले आपसी सम्बन्धको मजबुत हुन्छ । हाम्रा चाड पर्व हाम्रा सांस्कृतिक धरोहर हुन् । चाडपर्वका अन्तर्निहित सकारात्मक उद्देश्यलाई आफूमा अवलम्बन गर्ने हो ।

**-रातोपाटी डटकम**

## महत्वपूर्ण टेलिफोन


**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपुर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : कामको चापले धपेडी हुनसक्छ । निर्णय कार्यान्वयन हुन सक्दैनन् । | **तुला** : शुभकार्यको चर्चा चल्नेछ । आदर्श ब्यक्तिको सहकार्यले नयाँ अनुभव मिल्नेछ । |
| **वृष** : मन लागेको कुरा खरिद गर्न सकिन्छ। आकस्मिक उपहार प्राप्त हुनसक्छ । | **वृश्चिक** : शुभकार्यको चर्चा चल्नेछ । सहकार्यले नयाँ अनुभव मिल्नेछ । |
| **मिथुन** : सुख, दुख वरावरी खालको समय छ । रोकिएका कामलेपनि गति लिनेछ । | **धनु** : वैदेशिक कार्य अघी बढ्नेछ । रोकिएका काम पुन: सुरु हुन सक्छन् । |
| **कर्कट** : भोजनको अवसर मिल्नेछ । धार्मिक कार्यमा रुचि बढ्नेछ । | **मकर** : प्रगतिमा मन रमाउनेछ । कार्य वा रोजगारको अवसर मिल्नेछ । |
| **सिंह** : जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । कार्यमा व्यवधान आइपर्ला । | **कुम्भ** : कामबाट दोहोरो लाभ मिल्नेछ । काममा सफलता हात पर्नेछ । |
| **कन्या** : नयाँ कार्यको योजना बन्नेछ । नजिकको मित्रसँग भेटघाट हुनेछ । | **मीन** : क्षेत्रमा प्रभूत्व जमाउन सकिनेछ। व्यापारबाट पनि उन्नति नै देखिन्छ । |




# सामुदायिक क्याम्पसलाई 'क्यूएए'मा आवद्ध हुन आह्वान



विश्वविद्यालय अनुदान आयोगका अध्यक्ष प्राडा देवराज अधिकारीले गुणस्तर सुनिश्चितता तथा प्रत्यायन 'क्यूएए' प्रक्रियामा आबद्ध हुन सबै सामुदायिक क्याम्पसलाई आह्वान गरेका छन् । कोटेश्वर बहुमुखी क्याम्पसले विश्वविद्यालय अनुदान आयोगबाट 'क्यूएए' प्रक्रियाबाट प्रमाणीकरण भएको उपलक्ष्यमा आज आयोजित कार्यक्रममा उनले प्रमाणीकरणपछि सोहीअनुरुप गुणस्तर कायम गर्नुपर्ने सुझावसमेत दिए ।

"सामुदायिक क्याम्पसलाई क्युएएको चक्रभित्र प्रवेश गराउँदै गुणस्तर कायम गराउनु आवश्यक छ", उनले भने । उनले क्युएए प्रमाणीकरण गरेको प्रत्येक वर्ष अनुगमन गर्ने जानकारी दिँदै सोहीअनुरुप गुणस्तरलाई कायम राख्न क्याम्पस एवं विद्यार्थीलाई सुझाव दिए । त्रिभुवन विश्वविद्यालयका रजिस्ट्रार प्रा.डा पेशल दाहालले सामुदायिक क्याम्पसको गुणस्तर बढ्दै गएको बताए ।

उनले भने, "क्यूएए प्रमाणीकरण भएका सामुदायिक कलेजप्रतिको हेर्ने नजरमा परिवर्तन आएको छ ।" रजिस्ट्रार प्राडा दाहालले शैक्षिक संस्थामा प्रागिक गतिविधि बाहेकका वैकल्पिक प्रभाव पर्न नदिन सुझावसमेत दिए । कोटेश्वर बहुमुखी क्याम्पस प्रमुख गोविन्दबहादुर कार्कीले क्याम्पस र विद्यार्थीको मेहनतका कारण गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्रक्रियाको प्रमाणीकरण प्राप्त भएको जनाउँदै क्याम्पसको समग्र गुणस्तर उकास्ने कार्यमा निरन्तर अगाडि बढेको बताए । *-रासस*

# पाठशाला : जहाँ पढेपछि पोषण र उत्पादनमा सुधार हुँदैछ

पाठशाला भनेपछि धेरैले अक्षर चिनाउनका लागि औपचारिक वा अनौपचारिक शिक्षा दिने ठाउँ भनेर अनुमान गर्छौं । तर धनुषा र महोत्तरीका केही स्थानीय तहमा भने अक्षर चिनाउनका लागि होइन स्वस्थ र सन्तुलित खानपिनका लागि 'पोषण पाठशाला' र उत्पादकत्व वृद्धिका लागि 'कृषक पाठशाला' सञ्चालन छन् । सुरुमा धनुषाको धनौजी गाउँपालिका-२ की सोनाली साहलाई पाठशाला जानुपर्छ भन्दा अचम्म लागेको थियो । दुई सन्तानकी आमा भइसकेकी बुहारी पाठशाला जाने भनेपछि उनका सासूससुरालाई त सोनालीभन्दा बढी अचम्म लागेको थियो । "सन्तानलाई पढाउने बेला आफूले पाठशाला जानुपर्छ भनेपछि कसलाई अचम्म नलाग्ला ? सुरुमा त अफ्ठ्यारो मानिमानी पाठशाला गइयो । यहाँ आएपछि पो थाहा भयो, यहाँ त अक्षर होइन आमा र बच्चाको स्वास्थ्य अवस्था सुधारका लागि पढाइ हुनेरहेछ", सोनालीले भनिन्, "विस्तारै बानी लाग्यो, सरसफाइ, बानीव्यहोरा, सन्तुलित खानपिनका बारेमा जानकारी पाउन थालेँ, जसले गर्दा मेरो कुपोषित बच्चा र म स्वयंको पोषण सुधारका लागि ज्ञान पाएँ ।"

सोनालीका अनुसार पोषण पाठशालामा आउँदा उनको छोराको स्वास्थ्य जाँच हुँदा कुपोषित रहेको र आमाले पोषणयुक्त खानपिन नखाएका कारण यस्तो समस्या भएको सुनाइएको थियो । अहिले भने पाठशालामा पढेको कुरा व्यवहारमा लागू गरेपछि छोरा सुपोषित भएकामा सोनाली दङ्ग छिन् । यस्तै समस्या सोही ठाउँकी पिङ्की महतोलाई पनि थियो । "सुरुमा मलाई पनि पाठशाला जानुपर्छ भनेपछि के होला जस्तो लागेको थियो तर यहाँ आएर आहार र खानेबानीमा सुधार गर्ने कुरा सिकाइँदोरहेछ । अहिले मेरो कुपोषित बच्चा सुपोषित छ", महतोले भनिन् । अमिरकला कुमारी साहले पनि आफ्नै बारीमा सजिलै पाइने खानेकुराबारे जानकारी नहुँदा पोषणमा समस्या भोग्नुपरेका आमा तथा बच्चामा पाठशाला गएपछि चेतनामा वृद्धि भएको धारणा राखिन् । पिङ्की, पुनम र अमिरकलाजस्तै यो समूहका २५ जना सुत्केरी र गर्भवती आमालाई दुई वर्षसम्म पठनपाठन गराइएको थिएन । सहजकर्ता पुनम झाले सुरुका कैयन दिन घरघरमा गएर पाठशाला जाँदाका फाइदा र यहाँ सिकाउने कुराबारे जानकारी गराएकी थिइन् । पुनमले सुरुका दिन सम्झिँदै भनिन्, "सुरुमा घर-घर गएर सम्झाउँदा पनि कोही घरबाहिर निस्किन मान्दैनथे । आमाले माने पनि घरका अभिभावकले किन जानुपर्यो, किन पढ्नुपर्यो भनेर अवरोध गर्ने समस्या थियो तर धेरै सम्झाएपछि यहाँ आउन थाल्नुभएको हो ।" सुरुका केही दिनसम्म घरका मान्छेले बुहारी कहाँ जान्छे, के गर्छे भनेर लुकीलुकी चियाउने र पाठशाला आउने महिलाले पनि घुम्टोले अनुहार नदेखाउने गरेको पुनमको मानसपटलमा ताजै छ । "उहाँहरू कडा अनुशासनको नाममा घरबाट सित्तिमित्ति ननिस्किने, निस्के पनि अनुहार छोप्ने, खुलेर कुरा नगर्ने समस्या थियो । सबैभन्दा ठूलो समस्या त संस्कारका नाममा आफ्नै घर र बारीमा रहेका पोषिला खानेकुरा नखाने, सागपात, कुखुरा, हाँसलगायतको मासुसमेत खानुहुन्न भन्थे । गर्भावस्था वा सुत्केरीको समयमा सामान्य अवस्थाभन्दा बढी र सन्तुलित खानापानमा ध्यान दिने कुरा त धेरैलाई थाहा नै थिएन । थाहा भएकाहरू पनि आर्थिक अभाव देखाएर खान नसकिने बताउँथे तर पाठशालामा आइसकेपछि भने अहिले धेरै सुधार भएको छ", पुनमले सुनाइन् ।

**धनुषा र महोत्तरीमा ३६ पोषण पाठशाला**

कार्यक्रम कार्यान्वयन गरिरहेको खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना एकाइ धनुषाका प्रमुख सुकेश्वर झाले आयोजनाको लाभग्राहीका रूपमा रहेका आर्थिक र सामाजिकरूपमा पछि परेका महिला, भूकम्प र बाढीपीडित, गरिब, आद्य असुरक्षित, विपन्न तथा सीमान्तकृत वर्गलाई लक्षित गरी विभिन्न कार्यक्रम गरिरहेको जानकारी दिए । आर्थिक वर्ष २०७५/७६ देखि सुरु भएको यो कार्यक्रमले मातहतका दुई जिल्लाका चार पालिकामा प्रभाव क्षेत्रका साना कृषक समुदायको जलवायु समायानुकूलनमा सुधार, कृषि उत्पादकत्वमा वृद्धि र पोषण सुधारमा काम गरिरहेको आयोजना प्रमुख झाले बताए । परियोजनाको महत्त्वपूर्ण क्रियाकलापमध्ये पोषण सुरक्षामा सुधारअन्तर्गत यी दुई जिल्लामा दुई सय ३० पोषण समूह गठन गरी तीमध्ये सुनौला हजार दिनका आमाहरू तथा २४ महिनासम्मका बच्चाहरूमा पौष्टिक आहार खाने दरमा सुधार ल्याउन ३६ समूह बनाई पाठशाला सञ्चालन गरिएको उनले बताए । ती समूहलाई दुई वर्षसम्म २४ पटक (महिनामा एकपटक) पोषणको अवस्था विश्लेषण गरी परिकार बनाउने, हरेक दिन चारपटक खानुपर्ने फरक-फरक खाना, मातृशिशु स्वास्थ्य र सामाजिक व्यवहार सुधारबारे सिकाएको बताए । उनले भने, "त्यही सिकाइले गर्दा नौ जना मध्यम शीघ्र कुपोषित बच्चा सुपोषित अवस्थामा फर्के भने समूहका नौ सय जना आमाको स्वास्थ्य, खानपानको व्यवहार परिवर्तन, स्थानीय उत्पादनको उपयोग र जंगफुड प्रयोगमा नियन्त्रण भई प्रत्यक्ष लाभान्वित भए ।" पोषण पाठशालामा स्थानीय उत्पादन फर्सीको खिर, पराठा, पोषिलो जाउलो, लिटो, प्यानकेक, घरबारी पोषण बगैँचा स्थापना, कुखुरा तथा हाँसका चल्ला वितरण गरी महिला तथा बालबालिकालाई पोषणयुक्त तरकारी, फलफूल, अण्डा र मासुलगायत आवश्यक स्वच्छ आहार उपभोगमा अभिप्रेरित गरिएको कृषि अधिकृत रितेशकुमार झाले बताए । स्थानीय सहजकर्ता पुनम झाले अहिले पाठशालामा पढेका आमामार्फत टोल-टोलमा पोषण शिक्षा सिकाई विस्तार भइरहेको बताए ।

**एक सय ६८ कृषि र ६१ पशु पाठशाला**

पोषण समूहजस्तै आयोजनाले कृषिमा बालीतर्फ दुई सय ३२ र पशुपक्षीतर्फ दुई सय दुई गरी चार सय ३४ समूह गठन गरेको छ । त्यसमध्ये हालसम्म ४१ वटा पशु, एक सय ६८ वटा कृषक र १२ वटा कृषि व्यवसाय पाठशाला सञ्चालन गरिएका छन् । यी पाठशालामा खाद्यान्न बीउ उत्पादन, डुबान तथा सुक्खा सहने धान तथा गहुँ बालीको उन्नत बीउ वितरण, संरक्षण, रोपण तथा रेखदेख, पुशपक्षीको गोठ सुधार तथा गोठेमल व्यवस्थापन, नश्ल सुधारमार्फत मासु तथा दूध उत्पादनमा गुणस्तरीय सुधार, तरकारीमा मौसमी र बेमौसमी तरकारीका उन्नत बीउ वितरण र त्यसको प्रयोगबारे सिकाउने गरिएको कृषि अधिकृत झाले जानकारी दिए । *-रासस*


## सन्तोष चलचित्र मन्दिरमा...



**सन्तोष चलचित्र मन्दिर तानसेनमा भदौ २९ गतेदेखि भव्यताका साथ दैनिक ३ शो प्रदर्शन हुनगइरहेको छ नेपाली चलचित्र 'नाङ्गो गाउँ' ।**

*पहिलो शो : ११:१५ बजे, दोस्रो शो : २:१५ बजे र तेस्रो सो साँझ ५:१५ बजे*

***(नयाँ डल्बी डिजिटल साउण्ड, न्यू प्रोजेक्टर र लक्जरी सिटमा)***


# सरकारी विद्यालयको पढाइ कमजोर हुनुमा दोष कसको ?

**गोविन्द लुइँटेल :**

देशको विद्यालय शिक्षामा संविधानमा उल्लिखित शिक्षाको हक, राष्ट्रिय शिक्षा नीति, ऐन-नियम, पाठ्यक्रम, पाठ्यपुस्तक, तहगत तालुकवाला निकायहरू र विद्यालय हुँदै अन्तिम विन्दु शिक्षक हो । यी सबै अवयवहरू गएर ठोक्किने शिक्षकमै हो । यी सबैको केन्द्रमा हुन्छ विद्यार्थी । संविधानले शिक्षाको हक जतिसुकै पक्का गरे पनि, राष्ट्रिय शिक्षा नीतिले जे-जस्ता उद्देश्य र लक्ष्य लिए पनि, ऐन-नियम जतिसुकै समयानुकूल भए पनि, तालुकवाला निकायहरू जतिसुकै बलिया भए पनि अन्तिम नतिजा दिने शिक्षकले नै हो । यस अर्थमा प्रभावकारी शिक्षण-सिकाइबाट राष्ट्रिय शिक्षा नीतिको उद्देश्य र लक्ष्यअनुसार नतिजा दिने जिम्मेवारी शिक्षकको थाप्लामा छ । फलाम तताउन ज-जसले आगो फुके पनि घन हिर्काउने कर्मी शिक्षक नै हो । माटो ज-जसले मुछे पनि अन्तिम आकार दिने कुम्हाल शिक्षक नै हो । शिक्षण-सिकाइ प्रभावकारी नभएर वा अन्य जुनसुकै कारणले होओस्, प्रधानाध्यापकले पहिलो प्रश्न गर्ने शिक्षकलाई नै हो । अभिभावकको पहिलो प्रश्न पनि शिक्षकमाथि नै हुन्छ । राजनीतिक व्यक्तिहरू शिक्षकलाई नै दोषी देख्छन् र तिनैमाथि खनिन्छन् । शिक्षाविद् कहलिएकाहरू र नीतिनिर्माताहरू शिक्षकतिरै औंला सोझ्याउँछन् ।

नेपालको सन्दर्भमा सामुदायिक भनिने सरकारी विद्यालयहरू लगभग बद्नाम बनाइएका छन् । शिक्षकहरू बेइमानीका पात्र बनाइएका र निकम्मा साबित गरिएका छन् । निजी विद्यालयको नतिजासँग तुलना गरेर सरकारी विद्यालयहरूका नाममा नकारात्मक भाष्य बलियो बनाइएको छ । दोषी ठानिने शिक्षकहरू सरकारी विद्यालयका मात्रै हुन् । तुलनात्मक रूपमा निजी विद्यालयहरूले सरकारीको भन्दा राम्रो नतिजा दिएका छन् । कतिपयले निकै राम्रो दिएका छन् । त्यहाँका प्रधानाध्यापक र शिक्षकहरूले अलिक बढी मिहिनेत गरेरै राम्रो नतिजा दिन सकेका हुन् भन्न अप्ठ्यारो मान्नु पर्दैन । निजी विद्यालयहरूको नतिजा तुलनात्मक रूपमा किन निकै राम्रो छ र सरकारीको किन निकै नराम्रो भन्ने विषयमा अलग्गै विश्लेषण आवश्यक पर्छ । यहाँ उसले सरकारी विद्यालयको शिक्षकलाई निकम्मा र दोषी साबित गर्ने भाष्य कसरी तयार हुँदैछ भन्ने र सुधार गर्नुपर्ने पक्षमा विश्लेषणको प्रयास गरेको छ । विद्यालय शिक्षाको केही अधिकार स्थानीय तहमा पुगेपछि विद्यालयका कक्षाकोठामा जनप्रतिनिधिको पहुँच सहज भएको छ । वडा सदस्य, वडाअध्यक्ष र अध्यक्ष-उपाध्यक्ष, प्रमुख-उपप्रमुख अवलोकनका नाममा कक्षाकोठामा पस्ने गरेका छन् । अवश्य पनि यसको सकारात्मक पाटो छ । जनप्रतिनिधिहरूले कक्षाकोठामा पसेर शिक्षण-सिकाइ गतिविधि अवलोकन गर्दा शिक्षकलाई आफ्नो जिम्मेवारीबोधमा केही न केही राम्रो प्रभाव पर्नेछ । विद्यार्थीहरूमा पनि यसले कुनै न कुनै रूपमा सकारात्मक प्रभाव पार्छ भन्ने विश्वास गर्न सकिन्छ । यसरी कक्षामा आउने जनप्रतिनिधिले विद्यार्थीहरूको विचारको जानकारी पनि लिने नै भए । कक्षाकोठामा नपसे पनि विद्यालयमा आएर वा नआएरै पनि कुनै शिक्षकको शिक्षण-सिकाइ गतिविधिबारे जानकारी लिन सक्ने भए । प्रधानाध्यापक र शिक्षकहरूसँग छलफल गर्न सक्ने भए । सानातिना समस्या समाधानका लागि मद्दत गर्न सक्ने भए । अलिक ठूलो कुनै समस्या रहेछ भने समाधानका लागि पहल गर्न सक्ने भए । यस अर्थमा स्थानीय जनप्रतिनिधिहरूको चासो, विद्यालय आगमन र कक्षा अवलोकन सकारात्मक नहुने कुरै भएन । यो आलेख तयार गर्ने सिलसिलामा उसले ठाउँ फरक पारेर केही शिक्षकहरूसँग कुरा गरेको थियो । ती शिक्षकहरू सकारात्मक सुनिएनन् । ती शिक्षकहरूले स्थानीय जनप्रतिनिधिहरूको चासोलाई अन्यथा भनेनन् तर शिक्षकको कुरा नसुनी दोषी करार गर्ने र निर्देशन दिने गरेको भनेर गुनासो गरे । उदाहरण एक- वडाध्यक्ष आए, शिक्षकलाई सोधेर कक्षा कोठामा पसे । करिब दस मिनेट उनी चुपचाप बसे । त्यसपछि केही विद्यार्थीलाई पाठसँग सम्बन्धित केही प्रश्न गरे । धेरैजसो विद्यार्थीले जवाफ दिन सकेनन्, दिनेले पनि मिलाएनन् । वडाध्यक्षले शिक्षकलाई विद्यार्थीले बुझ्ने गरी पढाउन कक्षाकोठामै निर्देशन दिए । उदाहरण दुई- अर्का एक वडाध्यक्ष विद्यालयमा गए । कुनै एक शिक्षकलाई बोलाएर तपाईं राम्रो पढाउनुहुन्न, विद्यार्थीहरू केही पनि बुझ्दैनन् भन्ने गुनासो आएको छ भने । शिक्षकका गुनासाहरू अरू पनि छन् । यी दुई गुनासालाई उसले अलिक महत्वको ठानेर यहाँ प्रस्तुत गरेको हो । ती दुई वडाध्यक्षले शिक्षक साँच्चै कमसल हो कि ऊ कमसलजस्तो देखिने अन्य केही कारण पनि छन् भन्नेतर्फ ध्यान दिएनन् । प्रधानाध्यापक र शिक्षकसँग छलफल पनि गरेनन् । विद्यार्थीले जवाफ दिन नसक्नु वा पढाएको केही बुझिनँ भन्नुका पछाडि अन्य केही कारण पनि छ कि, त्यो खोजी गर्न वा जानकारी लिन तिनले आवश्यक ठानेनन् । केवल तिनले शिक्षकलाई दोषी करार गरे ।

यी जनप्रतिनिधिहरू सहयोगीभन्दा बढी निर्देशक वा उपदेशकजस्ता भए । प्रधानाध्यापकलाई भन्नुपर्ने कुरा सिधै शिक्षकलाई भने । कुनै शिक्षकलाई एक्लै वा प्रधानाध्यापक समेतको सहभागितामा वा शिक्षकको समूहमा मात्रै भन्नुपर्ने कुरा कक्षाकोठामै भनिदिए । यस्तो प्रवृत्तिमा शिक्षकहरूको गुनासो देखियो । विशेष गरी अलिक ग्रामीण क्षेत्रका शिक्षकहरूमा यस्तो गुनासो सुनिन्छ । कर्मचारीहरू पनि शिक्षकलाई दोषी करार गर्न अग्रसर देखिन्छन् । सरकारी विद्यालयका शिक्षकहरू नियमित उपस्थित हुँदैनन्, ढिलो पुग्छन्, पालो मिलाउँदै छिटो निस्कन्छन्, पढाउनमा मिहिनेत गर्दैनन्, अल्छी छन्, राजनीतिमा लागेका छन् इत्यादि दोष देखाउँछन् । अनि एकमुष्ट परिणाम सुनाउँछन्- सरकारी स्कुल खत्तम भए । यसरी दोषी करार गर्नमा स्थानीय तहदेखि प्रदेश र संघीय शिक्षा मन्त्रालयसम्मकै कर्मचारीहरू उत्तिकै तत्पर देखिन्छन् । पाठ्यक्रम, पाठ्यपुस्तक, शैक्षिक सामग्री, विद्यार्थीको पारिवारिक-आर्थिक-सामाजिक अवस्था इत्यादि बेवास्ता गर्छन् । सबै विद्यार्थीलाई एउटै डालोमा हाल्छन् र एकमुष्ट निष्कर्ष सुनाउँछन्- सरकारी स्कुल खत्तम भए किनभने मास्टर (शिक्षक) गतिला भएनन् । माथि नै भनियो, अन्तिम परिणाम दिने जिम्मेवारी शिक्षकको थाप्लामा छ । परिणाम दिनुपर्नेले दिन नसकेपछि प्रश्न उठ्नु र दोषी देखिनु स्वाभाविक हुन्छ । तालुकवाला निकायहरू पनि आपसमा एकअर्कालाई दोषी करार गर्ने प्रयत्न गर्छन्- माथिबाट क्रमश: तलतिर र तलबाट क्रमश: माथितिर । अन्तिममा ठोक्किने चाहिँ शिक्षकमै रहेछ । यसरी शिक्षकलाई अन्तिम दोषी करार गर्दा सञ्चारको यो अधुनातन समयमा बालबालिका र किशोरकिशोरीहरूको पढाइ-सिकाइ प्रवृत्तिमा देखापरेको नकारात्मक प्रभाव बेवास्ता गरिएको छ भन्ने उसको ठहर छ । आजको सुलभ सञ्चार प्रविधि अर्थात् इन्टरनेटयुक्त सेल फोन (मोबाइल) ले विद्यार्थीहरूको पढाइ-सिकाइमा सकारात्मक र नकारात्मक दुवै किसिमको प्रभाव पारेको छ । यस्तो प्रभावबारे नेपालमा कति अध्ययन भएको छ, उसको जानकारीमा छैन तर विकसित मुलुकतिर केही अध्ययन भएको छ । उसको विहंगम दृष्टिले चाहिँ सकारात्मकको तुलनामा नकारात्मक प्रभाव बढी देखेको छ, खासगरी बालबालिका र किशोर उमेरका विद्यार्थीहरूको पढाइ-सिकाइका सन्दर्भमा । यो सन्दर्भ खासगरी एक दशकयताको हो । सरकारी विद्यालयका शिक्षक दोषी ठहरिन थालेको निजी विद्यालयको विकास र विस्तार भएदेखि नै हो । सामान्यतया करिब तीन दशकअघि सुरू भएर सघन हुँदै आएको हो । कोही शिक्षकमा शिक्षण कलाको अभाव हुन सक्छ त कसैमा विषयवस्तुमा बलियो पकड नहुन सक्छ, तर यो सर्वव्यापी समस्या होइन, अपवादसम्म हो । यसले समग्रमा सरकारी स्कुलले शिक्षण सिकाइमा दिने नतिजामा फरक पारेको होइन । शिक्षक सेवा आयोगको परीक्षा उत्तीर्ण गरेका शिक्षकको संख्या बढ्दै जाँदा त्यो अपवाद नगन्य हुँदैछ । समष्टिमा सरकारी विद्यालयका शिक्षक नै नियतवश निकम्मा भएका हुन् भने तिनलाई तह लगाउन एक-एक जनामा निगरानी आवश्यक पर्दैन । विद्यालय आफैंमा एउटा सिंगो संस्था हो । यो संस्था प्रधानाध्यापकको नेतृत्वमा चलेको हुन्छ । प्रधानाध्यापक विद्यालयको नेतृत्वकर्ता मात्र होइन, राज्यको तालुकवाला निकायको प्रतिनिधि पनि हो । स्थानीय तह वा माथिल्ला निकायहरूले प्रधानाध्यापकलाई बढीभन्दा बढी उत्तरदायी बनाउन सके भने, बढीभन्दा बढी कर्तव्यबोध गराउन सके भने र प्रधानाध्यापकसँग परिणाम खोज्ने प्रणाली बसाउन सके भने सरकारी विद्यालयहरूले राम्रो नतिजा दिन सक्छन् भन्ने उसको विश्वास छ ।

बलियो नेतृत्व भन्नुको अर्थ शिक्षकहरूलाई अदबमा राख्नु मात्रै होइन, त्योभन्दा बढी बलियो प्राज्ञिक नेतृत्व गर्नु हो । विद्यालयको शिक्षण-सिकाइ गतिविधि प्रधानाध्यापकको प्राज्ञिक दक्षता र शिक्षकहरूलाई काममा लगनशील बनाउने कौशलमा भर पर्छ भन्ने उसको अनुभव छ । ऊ आफूले बलियो नेतृत्व क्षमता भएको ठानेका र कमजोर ठानेका दुवै खाले प्रधानाध्यापकसँग काम गरेको छ । यसमा नतिजा पनि फरक पाएको छ । विद्यालयको समग्र शैक्षिक वातावरणमा भिन्नता पाएको छ । विद्यार्थीहरूको पढाइ-सिकाइ उत्साहमा भिन्नता पाएको छ । नेता कति महत्वपूर्ण हुन्छ भन्ने प्रस्ट चित्र देशका अनेक संघ-संस्था, राज्यका अनेक निकायहरू र स्थानीयदेखि संघीय सरकारसम्मका नेतृत्वले देखाएका छन् । कुन गाउँपालिका वा नगरपालिकामा बढी राम्रो काम भयो, कुन मुख्यमन्त्रीले आफ्नो कार्यकालमा तुलनात्मक रूपमा बढी र राम्रो काम गर्न सके, कुन मन्त्री प्रभावकारी देखिए, कुन प्रधानमन्त्रीका पालामा बढी र राम्रो काम भयो, कसका पालाका बढी वा कम भ्रष्टाचार भयो भन्ने अनेक प्रश्नमा बहस चल्नुको अर्थ नेतृत्व क्षमतामाथिको बहस हो । सरकारमात्र होइन, राज्यका सबै अंगहरूका नेताका विषयमा बहस चल्छ । कुन प्रधानन्यायाधीशका पालामा अदालत बढी बलियो र कसका पालमा कमजोर देखियो भन्ने बहस पनि चल्ने गरेको छ । संस्थाको परिणाम नेताको कार्यक्षमता र कार्यकौशलमा भर पर्छ भन्ने तथ्य घामजत्तिकै छर्लंग छ । एउटा उदाहरण लिऔं- आज देशभरका कैयन बचत तथा ऋण सहकारी संस्थाहरू किन धराशायी भए ? किन हजारौं बचतकर्ताको बचत डुब्यो ? जवाफमा अनेक कारण आउलान्, ती कारणहरू साँच्चै गम्भीर हुन पनि सक्लान् तर एउटै मुख्य कारण हो- बेइमान नेतृत्व । नेतृत्व किन बेइमान भयो ? किनभने निगरानी र नियमन गर्ने निकायहरू गतिला भएनन् वा ती निकायले आफ्नो जिम्मेवारी निपुणताका साथ पूरा गरेनन् । बढी कर्तव्यनिष्ठ र इमानदार हुनुपर्ने तत् संस्थाको नेतृत्व नै हो, तर यसो भनेर नियामक निकाय उम्किन पाउँदैन । तल्लो निकायलाई दोषी देखाएर माथिल्लो निकायले आफूलाई पानीमाथिको ओभानो देखाउन पाउँदैन । तल्लो निकायलाई उचित निगरानी र नियमन गर्न नसक्नुको उत्तरदायित्वबाट भाग्न पाउँदैन । तर यहाँ त्यही हुँदै आएको छ । आजको दुर्भाग्य नै यही हो ।

*-सेतोपाटी डटकम*

# आज विश्वकर्मा पूजा, फलामे औजारको पूजा गरिंदै




**पाल्पा,** भदौ ३१/प्रत्येक वर्ष असोज १ गतेका दिन मनाइने विश्वकर्मा पूजा आज फलाम उद्योग तथा अन्य धातुजन्य कलकारखानामा पूजाआजा गरी मनाइँदै छ । विश्वकर्मा पूजाका अवसरमा बिहानैदेखि कलकारखानामा रङ्गीचङ्गी ध्वजापताका टाग्नुका साथै विशेष पूजा गर्ने लागिएको छ ।

सवारी साधन हुनेहरूले बिहानै सवारी साधनलाई धोएर पूजाआजा गरेका छन् । बिहानै गुड्ने सार्वजनिक सवारीका साधनलाई पनि बिहानै धोएर सफा पारी रिवन तथा विभिन्न ध्वजापताका लगाएर रंगीन बनाइएको छ । गाडी मर्मत संभार गर्ने ग्यारेज लगायत हरेक सानाठूला फयाक्ट्रीमा आज सामानको दिगोपन र मुनाफाको कामना गर्दै पूजा गर्ने गरिन्छ । पूजा गरिसकेपछि दिनभर ती सामानको प्रयोग नगर्ने चलन पनि छ । यस अवसरमा केहीले विश्वकर्माको मूर्ति बनाई पूजा गर्ने र प्रसाद चढाउने पनि गर्दछन् । आज पूजा गरिएको मूर्तिलाई भोलि बिहान नजिकैको खोला वा नदीमा लगि बिसर्जन गरेपछि विश्विकर्मा पूजा समापन हुन्छ । फलामको क्षेत्रमा काम गर्ने मजदुरहरुलाइ आजका दिन बिदा पनि दिने चलन छ । आजका दिन आफनो फलामे औजारको पूजा गर्नाले लामो समय सम्म टिक्ने जनविश्वास छ । विगतमा विशेष गरी तराई क्षेत्रमा धुमधामका साथ विश्वकर्मा पूजा गरिने गरेकामा पछिल्ला केही वर्ष यता पहाडी जिल्लामा पनि यसको गरिमा र महत्व बढ्दै गएको छ । द्वापर युगमा भगवान् कृष्णलाई राक्षसले दुःख दिएपछि विश्वकर्मालाई समुन्द्रको बीचमा भेदद्वारका बनाई लुकाएको धार्मिक विश्वास छ । एकै रातमा समुन्द्रको बीचमा 'भेदद्वार'को निर्माण गरेकाले विश्वकर्मालाई सफल वास्तुविद्का रुपमा मानी त्यसै समयदेखि पूजाआजा गर्ने परम्परा बसेको हो । प्राचिन भारत वर्षका चारदिशाका रक्षक देवतामध्ये द्वारकालाई पश्चिम दिशाको रक्षकका रुपमा समेत मानिन्छ । विश्वकर्मालाई वास्तु विद्याका विशिष्ट ज्ञाताका रुपमा समेत मानिन्छ ।

# सूचना

CMLT संकायमा १५ सिट रिक्त रहेकोले यो सूचना प्रकाशित मितिले पाँच दिन भित्र इच्छुक विद्यार्थीहरुले आवेदन दिनहुन अनुरोध छ ।

- विद्यार्थी भर्ना लिदा बरियताक्रम अनुसार लिइने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

***विस्तृत जानकारीका लागि***
**प्रशासन शाखा**
**०७५-५२०१६६**
**तानसेन स्कूल अफ हेल्थ साईन्स**
**तानसेन, पाल्पा**




**विश्वकर्मा बाबा की जय ! जय !! जय !!!**

२०८० सालको विश्वकर्मा पूजाको पावन अवसरमा सम्पूर्ण ग्राहक वर्ग तथा शुभचिन्तकहरुमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

हामीकहाँ सबै किसिमका फर्निचर हरेक डिजाइनका चौकोस, सोफासेट, पलङ, दराज, कुर्ची, टेवल, डाइनिङ्ग सेट लगायत फर्निचर सम्बन्धी अर्डर अनुसार सम्पूर्ण सामानहरु उपलब्ध गराइन्छ ।

**प्रो : बसन्त बस्याल**
**देउराली फर्निचर उद्योग परिवार**
तानसेन-५, ढुङ्गाखानी, पाल्पा, सम्पर्क नं. : ९८६७८७३२०९, ९८४७५३२३५४



**विश्वकर्मा बाबा की जय ! जय !! जय !!!**

२०८० सालको विश्वकर्मा पूजाको पावन अवसरमा सम्पूर्ण ग्राहक वर्ग, इष्टमित्र तथा शुभचिन्तकहरुमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।



**हस्त बहादुर सुनार** — **सचिव**
एवं
**सुमिर कुमार समरखाती** — **अध्यक्ष**
**पाल्पा ग्रील आल्मुनियम तथा स्टील व्यवसायी संघ परिवार**
तानसेन, पाल्पा

**विश्वकर्मा बाबा की जय ! जय !! जय !!!**

हाम्रा सेवा सुविधाहरू





२०८० सालको विश्वकर्मा पूजाको पावन अवसरमा सम्पूर्ण इष्टमित्र, ग्राहक वर्ग, आफन्तजन तथा **शुभचिन्तकहरुमा हार्दिक मंगलमय** शुभकामना व्यक्त गर्दछौं ।

हामीकहाँ सटर, ग्रील, रेडिमेट ग्रील, च्यानल गेट, फेन्सी गेट, कम्पाउण्ड गेट, ट्रस, गोल भऱ्याङ्ग बनाइन्छ, साथमा कृषि औजारहरु पाउनुका साथै मर्मत पनि गरिन्छ ।

**प्रो. डोलबहादुर खाती**
**सुरजदेव इन्जिनियरिङ्ग वर्कशप**
गैरागाउँ-१ (धुर्वघाट जाने बाटो) तानसेन, पाल्पा मो: ९८४७४१७९८३

**विश्वकर्मा बाबा की जय ! जय !! जय !!!**





हामीकहाँ सम्पूर्ण कस्मेटिक सामान तथा आकर्षक टप्स, कुर्ता सुरुवाल पाउनुका साथै सिलाईको पनि राम्रो व्यवस्था छ ।

२०८० सालको विश्वकर्मा पूजाको पावन अवसरमा सम्पूर्ण ग्राहक वर्ग तथा शुभचिन्तकहरुमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

**प्रो. माया सोमै**
**न्यू लाफा सिलाई एण्ड कस्मेटिक सेन्टर परिवार**
तानसेन-३, पाल्पा, सम्पर्क नं. ९८६७७१३८६३५, ९८२१९७०४१७

**विश्वकर्मा बाबा की जय ! जय !! जय !!!**





हामीकहाँ सटर, च्यानल गेट, ग्रिल, रेलिङ्ग, गोल भरेङ्ग, कम्पाउण्ड गेट, कम्पाउण्ड जाली, ट्रस आदि बनाउनुका साथै स्टील र आल्मुनियम सम्बन्धी सम्पूर्ण काम गरिन्छ ।

२०८० सालको विश्वकर्मा पूजाको पावन अवसरमा सम्पूर्ण ग्राहक वर्ग तथा शुभचिन्तकहरुमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

**प्रो. दल बहादुर वि.क.**
**न्यू आलदेवी ग्रील उद्योग परिवार**
तानसेन-३, टक्सारटोल, पाल्पा, सम्पर्क नं. ९८४७३४७८३०

**विश्वकर्मा बाबा की जय ! जय !! जय !!!**



२०८० सालको विश्वकर्मा पूजाको पावन अवसरमा सम्पूर्ण ग्राहक वर्ग तथा शुभचिन्तकहरुमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

हामीकहाँ भवन निर्माण सम्बन्धी छड, सिमेन्ट, इट्टा, गिट्टी, बालुवा, ढुङ्गा, पि.सि.भी., सि.पि.भि.सी पाइप फिटिङ्का सामानहरु तथा निमार्ण कार्य र ढुवानी सेवाको पनि राम्रो व्यवस्था छ ।

**प्रो. रोनिश सिंह**
**इभान सप्लायर्स एण्ड हार्डवेयर परिवार**
तानसेन-३, टक्सारटोल, पाल्पा
सम्पर्क नं. ९८४७०४३७५६, ९८४७०४३३५०

**विश्वकर्मा बाबा की जय ! जय !! जय !!!**




२०८० सालको विश्वकर्मा पूजाको पावन अवसरमा सम्पूर्ण ग्राहक वर्ग तथा शुभचिन्तकहरुमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

हामीकहाँ: आल्मोनियमका आधुनिक झ्याल, ढोका, पार्टेशन, ग्लास डोर, स्टक्चर, ग्लेसिङ्ग, फेन्सी गेट, आल्मोनियम र स्टील सम्बन्धी सम्पूर्ण काम गरिन्छ ।

**प्रो. सुमिर कुमार समरखाती**
**न्यू उपहार ग्रील आल्मोनियम तथा स्टील उद्योग परिवार**
तानसेन-२, मेहलधारा, पाल्पा
सम्पर्क नं. ०७५-५२२४०५, ९८४७०००९९९

**विश्वकर्मा बाबा की जय ! जय !! जय !!!**





२०८० सालको विश्वकर्मा पूजाको पावन अवसरमा सम्पूर्ण इष्टमित्र, ग्राहक वर्ग, आफन्तजन तथा **शुभचिन्तकहरुमा हार्दिक मंगलमय** शुभकामना व्यक्त गर्दछौं ।

हामीकहाँ सटर, ग्रील, च्यानल, गेट, कम्पाउण्ड गेट, फेन्सी गेट, गोल भऱ्याङ्ग, रेलिङ्ग, डेक्स, बेन्च, इत्यादी काम सुपथ मूल्यमा बनाइन्छ ।

**प्रो. कमल सिंह सुनार**
**आलमदेवी ग्रील एण्ड आल्मुनियम स्टील उद्योग परिवार**
सिल्खानटोल, तानसेन, पाल्पा, सम्पर्क न. ९८५७०६९५२३

**विश्वकर्मा बाबा की जय ! जय !! जय !!!**



२०८० सालको विश्वकर्मा पूजाको पावन अवसरमा सम्पूर्ण ग्राहक वर्ग तथा शुभचिन्तकहरुमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

हामीकहाँ, फलामका पाइप, ग्रील पत्ती, च्यानल पत्ती, प्लेन सिट, स्टील पाइप, जस्तापाता र ट्रस्टमा लाग्ने सम्पूर्ण समाग्री सुपथ मूल्यमा पाउनुका साथै होम डेलीभरीको पनि व्यवस्था छ ।

**प्रो. नर बहादुर पल्ली**
**पल्ली हार्डवेयर एण्ड सप्लायर्स परिवार**
तानसेन-४, सिल्खानटोल, पाल्पा (होलाङ्दी जाने बाटो)
सम्पर्क नं. ०७५-५२११३१, ९८४७३३७४२१, ९८६४४४१६५०

**विश्वकर्मा बाबा की जय ! जय !! जय !!!**



२०८० सालको विश्वकर्मा पूजाको पावन अवसरमा सम्पूर्ण ग्राहक वर्ग तथा शुभचिन्तकहरुमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

हामीकहाँ सटिङ्ग, सुटिङ्ग र टेलरिङ्ग सम्बन्धी सम्पूर्ण काम गरिन्छ ।

**प्रो. प्रकाश दर्नाल**
**मोडल कलेक्सन परिवार**
लहरेपिपल, तानसेन, पाल्पा
सम्पर्क नं. : ९८५७०६०४०१, ९८४४८०३०७७

**विश्वकर्मा बाबा की जय ! जय !! जय !!!**




२०८० सालको विश्वकर्मा पूजाको पावन अवसरमा सम्पूर्ण ग्राहक वर्ग तथा शुभचिन्तकहरुमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।



**प्रो.विक्की कुँवर**
**भगवती मोटरसाइकल वर्कशप परिवार**
तानसेन-४, सिल्खानटोल, पाल्पा (होलाङ्दी जाने बाटो)
सम्पर्क : ९८४७५६३६४२

हामीकहाँ सबै कम्पनीका मोटरसाइकल मर्मत गरिनुका साथै रिकन्डिशनको पनि व्यवस्था छ ।

**विश्वकर्मा बाबा की जय ! जय !! जय !!!**



२०८० सालको विश्वकर्मा पूजाको पावन अवसरमा सम्पूर्ण ग्राहक वर्ग तथा शुभचिन्तकहरुमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

हामीकहाँ ग्रील, रेडिमेट ग्रील, च्यानल गेट, कम्पाउण्ड गेट, सटर साथै गाडीका टायर, पट्टाहरु पनि मर्मत गरिन्छ ।

**प्रो : सुरेन्द्र खाती**
**न्यू पाल्पा भैरव ग्रील उद्योग परिवार**
तानसेन, पाल्पा, सम्पर्क नं. : ९८४७५९६०१५


कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई